नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाडौं।

## सुचना

मिति:२०८३।६।१

यस विभागको मिति २०८३।३।४ को सूचना तथा मिति २०८३।३।३ को पत्र बमोजिम इजाजतपत्र प्राप्त संस्थाले प्रत्येक ३/३ महिनामा आफुलै बैदेशिक रोजगारीमा पठाएका नेपाली श्रमिकको अवस्था सम्बन्धी प्रगति विवरण विभागमा उपलब्ध गराउनुपर्ने व्यहोरा विदितै छ। सो विवरणका साथै वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको हक, हित र सुरक्षालाई ध्यानमा राखी सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले उक्त विवरण संस्था अनुगमन शाखामा २०८३।६।२१ गते भित्र अनिवार्य रुपमा उपलब्ध गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

साथै, इजाजतपत्र प्राप्त संस्थाले आफूले उडान गरेका श्रमिकहरुको देहाय बमोजिमको विवरण समेत संकलन गरी नियमित रुपमा बुझाउनु हुन सूचित गरिन्छ ।

- **१५ दिने विवरण सङ्कलन:** वैदेशिक रोजगारीमा गएका प्रत्येक श्रमिकहरू सुरक्षित रूपमा सम्बन्धित गन्तव्य मुलुकमा पुगे वा नपुगेको विवरण श्रमिक विदेश पठाएको १५ (पन्ध्र) दिनभित्र अनिवार्य रूपमा प्राप्त गर्नुपर्नेछ।
- **सम्झौता अनुसारको सेवा सुविधाको सुनिश्चितता:** श्रमिकले वैदेशिक रोजगार सम्झौता बमोजिमको कार्य, तोकिएको तलब र अन्य सेवा-सुविधा प्राप्त गरे-नगरेको विषयमा प्रत्यक्ष सम्पर्क गरी विवरण तयार गर्नुपर्नेछ।
- **विभागमा प्रतिवेदन पेश:** सङ्कलित श्रमिकको अवस्था तथा विवरण इजाजतपत्र प्राप्त संस्थाले श्रमिकको उडान भएको २० (बीस) दिन भित्र अनिवार्य रूपमा वैदेशिक रोजगार विभागको संस्था अनुगमन शाखामा इमेल monitoring@dofe.gov.np मार्फत पेस गर्नुपर्नेछ।

**द्रष्टव्य:** यो निर्देशन पालना नगर्ने वा नेपाल श्रमिकको अवस्थाबारे सूचना अद्यावधिक नगर्ने इजाजतपत्र प्राप्त संस्थामाथि वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ।

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606